EMIS CODE: 400140013 NEB CODE: 40025 SEE CODE: 41005

# श्री रामकोट माध्यमिक विद्यालय
# SHREE RAMKOT SECONDARY SCHOOL

रुपा-७, कास्की
Rupa-7, Kaski
स्था. २०३२ (Estd.: 2032)

पत्र संख्या (Letter No.): 2083
चलानी नं. (Issue No.): 36
मिति (Date): २०८३।०४।०८

श्री सम्बन्धित सबै।

विषयः स्थायी शिक्षक सरुवा लागि दर्खास्त आह्वान सम्बन्धमा।
(प्रथम पटक प्रकाशित मिति: २०८३/०४/०८)

प्रस्तुत विषयमा यस विद्यालयको मिति २०८३।०४।०७ गते बसेको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय अनुसार यस विद्यालयमा माध्यमिक तह नेपाली विषयको १ (एक) शिक्षक दरबन्दी रिक्त रहेको हुँदा शिक्षा नियमावली, २०५९ ( दशौं संशोधन, २०८३) को सरुवासम्बन्धी व्यवस्था बमोजिम उक्त दरबन्दीमा शिक्षक सरुवामार्फत पदपूर्ति गर्नुपर्ने भएकाले माध्यमिक तह नेपाली विषयको स्थायी दरबन्दीमा कार्यरत तथा सरुवाका लागि योग्य, इच्छुक शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिदेखि १५ दिन (२०८३/०४/२२, कार्यालय समय) भित्र दरखास्त आह्वान गरिएको छ।

**पेश गर्नुपर्ने कागजातहरू:**

१. सरुवाका लागि निवेदन।
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
३. आफ्नो सेवा अवधि खुल्ने कागजात।
४. स्थायी / अस्थायी नियुक्तिपत्रको प्रमाणित प्रतिलिपि।
५. शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि।
६. सम्बन्धित विद्यालयको सहमति पत्र।
७. सम्बन्धित स्थानीय तहको सहमति पत्र साथै जिल्लान्तर सरुवाको लागि सम्वन्धित शिक्षा विकास तथा समन्वय इकाइको सहमति पत्र।
८. शिक्षा नियमावली (दशौ संशोधन, २०८३) बमोजिम प्रथामिकता दाबी गर्ने प्रमाण/कागजातहरु (आवश्यक भएमा)
९. शिक्षा नियमावली २०५९ को अनुसूची १७ बमोजिमको फारम।

उक्त अवधिभित्र प्राप्त निवेदनहरू शिक्षा नियमावली, २०५९ ( दशौं संशोधन, २०८३) तथा प्रचलित कानुनबमोजिम मूल्याङ्कन गरी आवश्यक प्रक्रिया अगाडी बढाइने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। रित नपुगेका र म्याद समाप्त पछी आएका निवेदन उपर कुनै कार्बाही हुनेछैन।

**बोधार्थ:-**

१. श्री शिक्षा विकास तथा समन्वय इकाइ, कास्की जानकारी तथा वेबसाइटमा प्रकाशनका लागि।
२. श्री शिक्षा, युवा तथा खेलकुद शाखा, रुपा गाँउपालिका जानकारी तथा वेबसाइटमा प्रकाशनका लागि।

**नोट:** निवेदकले कागजातहरु पठाउनको लागि तलको Email वा QR Code को प्रयोग गर्न सक्नुहुनेछ।

प्रधानाध्यापक
विष्णु प्रसाद न्यौपाने

प्रधानाध्यापक

Email: ramkotmabi@gmail.com
सम्पर्क नम्बर:- ९८५६०८०३७८,९८४१४६५४१८,९८४६२८४५३२

Scanned with CamScanner